"शिक्षा स्वास्थ्य र पूर्वाधार समुन्नत पुतलीबजारको आधार"

# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, स्याङ्जा
२०७३

गण्डकी प्रदेश, नेपाल

प.सं. ०८१/०८२ जिन्सी शाखा
च.नं.

## सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी वोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०८१/०८/२७

यस कार्यालयमा रहेका प्रयोगमा आउन नसक्ने भई लिलाम विक्री गर्ने निर्णय भएको सम्पत्ति तथा जिन्सी माल सामान जे जस्तो अवस्थामा छन सोही अवस्थामा वोलपत्रको माध्यमबाट लिलाम विक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र वोलपत्र खरिद गरी ८ औं दिनमा दिनको ४ वजेसम्म यस कार्यालयमा दर्ता गराउनुहुन इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई आव्हान गरिन्छ । यस सम्बन्धमा विस्तृत व्यहोरा वोलपत्र, फाराममा उल्लेख गरिएको छ । यसका अतिरिक्त अन्य कुरा वुझ्नु परेमा वा लिलाम गरिने मालसामान हेर्न चाहेमा यस कार्यालयको जिन्सी शाखा मोवाईल नं. ९८५६०५०४११ मा सम्पर्क राख्न अनुरोध छ ।
लिलाम विक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रु.१,९६,५०८।५०
(अक्षेरुपी एक लाख छयानब्वे हजार पाँच सय आठ रुपैया पैसा पचास मात्र )

वावुराम वराल
नि.प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकिय अधिकृत

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय स्याङ्जा

निमित्त प्रमुख प्रशासकिय अधिकृत

# पुतलीवजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय स्याङ्जा

### सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

सूचना नं. १

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२७**

यस पुतलीवजार नगरपालिकाको कार्यालयमा मौज्दातमा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीले देहायका शर्तहरूको अधीनमा रही वोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरूले पुतलीवजार नगरपालिकाको कार्यालय स्याङजा जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताले २०८१/०९/०३ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु.१०००।- ( अक्षेरुपी क हजार रुपैया मात्र) नगदै वा नेपाल बैङ्क लि. स्याङ्जा स्थित यस कार्यालयको को राजस्व खाता नं. ग १.१ पुतलीवजार नगरपालिका आन्तरिक राजश्व खाता नं. ०७२०३००००१००१००००१ कार्यालय कोड नं. .............. राजस्व शीर्षक नं. ............. मा रकम बुझाइ सक्कल राजस्व दाखिला भौचरसहित, बोलपत्रदाताको फर्म दर्ता प्रमाणपत्र वा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेश गर्नुपर्नेछ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ८ औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु ८ औ दिनको १.०० बजे पश्चात उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. लिलाम विक्रि हुने सम्पती तथा जिन्सी मालसामान हेर्न चाहने वोलपत्रदाताले कार्यालय समय भित्र जिन्सी शाखामा (मोवाइल नं. ९८५६०५०४११) सम्पर्क राखु पर्नेछ ।

६. बोलपत्रदाताले कबोलपत्र साथ जमानत वापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कूल रकमको दश प्रतिशत रकम पुतलीवजार नगरपालिका कार्यालय स्याङ्जाको नेपाल बैङ्क स्याङ्जा शाखामा रहेको धरौटी खाता नं. ०७२०३०००००३००००००००१ मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयमा नाममा जारी भएको कम्तीमा नब्बे दिन भित्र म्याद भएको बैङ्क जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ ।

८. बोलपत्रदाताले बोलपत्र भर्दा एकमुष्ठ रुपमा भर्नु पर्नेछ । बोलपत्र फारामभित्र रहेको ....... वटा प्याकेज मध्ये एउटा प्याकेज मात्र पनि भर्न सकिनेछ । बोलपत्र स्वीकृत गर्दा प्याकेजगत रूपमा नै सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ ।

९. बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

पुतलीबजार नगरपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
२०७३

निमित्त प्रमुख प्रशासकिय अधिकृत

# लिलाम विक्री हुने सम्पती तथा जिन्सी मालसामानको कबोल अङ्क

| सि.नं | सम्पतीको नाम | परिमाण | सम्पती भएको स्थान | कार्यालयको स्वीकृत एकमूष्ठ न्यूनतम मूल्य | | कबोल अङ्क | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अङ्कमा | अक्षरमा | अङ्कमा | अक्षरमा | | |
| १ | संचार मोवाइल सेट | ४ | पुतलीवजार नगरपालिका कार्यालयमा | १,९६,५०८।५० | एक लाख छयानव्वे हजार पाँच सय आठ रुपैया पैसा पचास मात्र । | | | | |
| २ | डेस्कटप कम्प्यूटर | ८ | | | | | | | |
| ३ | ल्यापटप | ४ | | | | | | | |
| ४ | प्रिन्टर | ८ | | | | | | | |
| ५ | टचावुलेट | ३ | | | | | | | |
| ६ | हिटर | ४ | | | | | | | |
| ७ | मोवाइल | २ | | | | | | | |
| ८ | कम्यूटर टेवल | १ | | | | | | | |
| ९ | र्याक | ३ | | | | | | | |
| १० | रेडियो | २ | | | | | | | |
| | जम्मा | ३९ | | | | | | | |

बोलपत्रदाताको हस्ताक्षरः-

बोलपत्र पेश गर्ने व्यक्ति वा फर्मको नाम :-

फर्मको छाप :-

मिति :-

सम्पर्क नं.

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७२

निमित्त प्रमुख प्रशासकिय अधिकृत

# बोलपत्र सम्बन्धी शर्तहरू

(१) बोलपत्र सम्बन्धी कागजात: लिलाम बिक्री सम्झौताको लागि यो बोलपत्र फाराममा समावेश भएको सम्पूर्ण विषय लागू हुनेछ । बोलपत्रदाताले कार्यालयबाट खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फर्म वा संस्था भए छाप समेत लगाई पेश गर्नुपर्नेछ ।

(२) बोलपत्रको भाषा लिलाम बिक्रीको लागि कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ ।

(३) कुनै बोलपत्रदाता फर्म वा संस्थाले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रम सम्झौता गरी पेश गर्न सक्नेछ । यसरी सम्झौता गरेपश्चात बोलपत्र फाराममा दस्तखत गर्ने लगायतको लागि आधिकारिक व्यक्ति नियुक्त गरी निजको दस्तखत नमूना बोलपत्र फाराममा समावेश गर्नुपर्नेछ ।

(४) लिलाम बिक्री सम्बन्धी कारबाही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

(५) बोलपत्रसाथ आफूले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुने रकम नेपाल बैंङ्क स्याङ्जा शाखामा रहेको धरौटी खाता नं. ०७२०३०००००३०००००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

(६) बोलपत्रदाताले स्पष्टरूपमा प्रोपाइटर, कारोवार गर्ने मुख्य व्यक्ति, कारोवार गर्ने मुख्य स्थल वा पसल फोन नम्बर आदि सवै कुराको जानकारी उपलब्ध गराउनु पर्नेछ ।

(७) बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनु पर्नेछ ।

(८) कार्यालयले लिलाम विक्रीको लागि छनौट भएको व्यक्ति वा फर्मको सूचना प्रकाशन गरेपछि सो प्रक्रियामा चित्त नबुझेका बोलपत्रदाताले सात दिनभित्र कार्यालय प्रमुख समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(९) लिलाम विक्रीको लागि पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेको छ ।

(१०) लिलाम विक्री सम्झौता सम्वन्धी विवाद देखिएमा कार्यालय र बोलपत्रदाताबीच वार्ताद्वारा समाधान गरिनेछ ।

(११) वोलपत्र फाराममा सम्पत्ति तथा मालसामान लिलाम बिक्री गर्न विभिन्न प्याकेजमा नगरी एकमुष्ठ रुपमा न्यूनतम अंक कायम गरिएको छ ।

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा
निमित्त प्रमुख प्रशासकिय अधिकृत

(१२) लिलाम गरिने मालसामानको न्यूनतम मूल्य रु.१,९६,५०८।५० (**अक्षेरुपी एक लाख छयानव्वे हजार पाँच सय रुपैयाँ पैसा पचास मात्र**) कायम गरिएकोछ। बोलपत्रदाताले यसै रकमलाई न्यूनतम रकम मानी बोलकबोल गर्नुपर्नेछ ।

(१३) बोलपत्र फाराम उल्लेख भए अनुरुपका लिलाम विक्रि गरीने सम्पती तथा जिन्सी मालसामान बोलपत्र पेश गर्नु अगावै हेरी बोलपत्र फाराम पेश गर्नु पर्नेछ ।

(१४) पेश भएको बोलपत्रको मान्य अवधि साठी दिनको हुनेछ । पेश हुन आएका बोलपत्र मुल्याङ्कन उक्त अवधि भित्र गरी सम्झौताको लागि छनौट गरिनेछ ।

(१५) बोलपत्र फाराममा सम्पती तथा जिन्सी मालसामानको कवोल रकम स्पष्ट अङ्क र अक्षरमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाइ मान्यता दिइने छ ।

(१६) लिलाम बिक्रीको सम्झौता बमोजिमको रकम एकमुष्ट कार्यालयमा नगद वा कार्यालयले तोकेको बैंकमा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।

(१७) बोलपत्र दाताले सम्झौतामा उल्लेखित अविधभित्र सम्पूर्ण सम्पती तथा जिन्सी मालसामान उठाइ लैजानु पर्नेछ ।

(१८) लिलाम विक्रिबाट सकार गरेको सम्पती तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सेही अवस्थामा उठाइ लैजानु पर्नेछ ।

(१९) लिलाम गरिएको सम्पती तथा मालसामान ढुवानी गरी एक ठाउबाट अर्को ठाउमा लैजादा लाग्ने सम्पूर्ण खर्च (कर समेत) बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।

(२०) सम्झौता अविधभित्र सम्पती तथा मालसामान बोलपत्रदाताले उठाइ लान काबु बाहिरको परिस्थिति परेमा सम्झौता अविध सकिनु अगावै म्याद थपको लागि कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(२१) सम्झौता अविध भित्र सम्पती तथा मालसामान उठाइ नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेमा कार्यालयले बोलपत्रदताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।

(२२) बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन ।

(२३) बोलपत्र सम्बन्धी शर्तहरु सम्झौताको अङ्ग हुनेछ ।